

**के तपाईंको घर पा(नीले रसाएको छ ?**

**अब चिन्ता नगर्नुहोस !**
**चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।**

**सम्पर्क: प्रगति ट्रेड कर्न्सन**
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
**कलर भिजिटिङ कार्ड**
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २३७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० भदौ २२ गते शुक्रबार ❑ 8 Sept. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## चाइना पुलसंगै थप दुई वटा अत्याधुनिक पुल निर्माण हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २१ भदौं

पोखराको पृथ्वीचोक क्षेत्र (चाइनापुल) संगै थप दुई वटा अत्याधुनिक डिजाइनका पुल निर्माण ह'ने को निर्माण कार्य सुरु भएको छ । पोखराको सेतीनदी माथि टावर सहितको दुई वटा पक्की पुल निर्माण गर्ने कामको सुरुवात भएको रसुवा कन्स्ट्रक्सन कम्पनीले जनाएको छ।

उक्त पुल निर्माणको जिम्मा पाएसंगै कम्पनीले सो पुलको डिजाई समेत स्विकृत गरी हाल पोखरा रंगशालाको उत्तर तर्फ क्याम्प नै खडा गरी मेसिनहरु सहित निर्माण समाग्रि तयारी अबस्थामा राखेको कम्पनीका प्रतिनिधि सुदर्शन देवकोटाले बताउनु भयो।

विगत डेढ हप्तादेखि हाल रंगशालाको उत्तरी क्षेत्रमा निर्माण हुने पुलको भागमा क्लियर गर्ने काम जारी रहेको प्रतिनिधि देवकोटाले बताउनु भयो। नेपालमा बनेका पुलहरु मध्य नितान्त फरक प्रकृतिको पुल निर्माण हुने भएको उहाँको दाबी छ। उहाँका अनुसार हाल निर्माण हुने उक्त पुलको बिचको स्पाम १ सय ४० मिटर, फुटपाथको क्षेत्र २५/२५ मिटरको स्पाम क्षेत्रफल राखि १ सय ९० मिटरको पुल निर्माण हुने भएको कम्पनीका प्रतिनिधि देवकोटाले उल्लेख गर्नुभयो । उक्त पुल निर्माणको लागि कोत्रेबाट ल्याउने गिटी र वालुकाको समेत परिक्षण हुदै गरेको कम्पनीले जनाएको छ। हाइ स्ट्रेन्थको कंक्रिट निर्माण हुने भएकोले गर्दा केही समय पछि पुल निर्माण स्थलमा रेडिमिक्सचर राखेरै काम गर्नुपर्ने देवकोटाको भनाई छ। हाल संचालनमा रहेको चाइना पुलको उत्तर र दक्षिण साइडमा दुई वटा पुल चाइना पुलकै लेवलमा निर्माण हुने भएको हो। गाडी गुड्ने भाग साँढे ७ मिटर फुटपाथको रुपमा भने दुबै पुलको ३/३ मिटरको क्षेत्र रहने भएको कम्पनीका प्रतिनिधि देवकोटाले उल्लेख गर्नु भयो । साँढे १० मिटरको पक्कि पुल निर्माण हुने भए पनि केही भाग टावर सहित गर्दा १३ मिटरको उक्त पुल निर्माण हुने भएको देवकोटाले बताउनुभयो । सेतीको भाग जोखिम होला भनेर आफुहरुले भने १ सय ४० मिटर लामो क्षेत्रमा जग राखेर उक्त पुल निमार्ण गर्ने उहाँले बताउनु भयो।

उक्त परियोजना सेप्टेम्बर २०२२ मा सम्झौता भएको छ भने ३६ महिना समय सिमा भए पनि अबको दुई बर्षमा उक्त पुल निर्माण हुने तयारीका साथ काम सुरु भएको कम्पनी प्रतिनिधि देवकोटाले जनाउनुभयो । समय सिमा भित्र उक्त पुल निर्माण गर्ने कम्पनीले दाबी गरेको छ । पोखराको सेतीनदीमा ९४ करोडको लागतमा दुई वटा पुल निर्माण भएसंगै चाइना पुल सहित अब ३ वटा पुलमा यातायात संचालनमा सहज हुने भएको छ। उक्त पुल पोखराको लागि नौलो र सेल्फि बृजको रुपमा निर्माण हुने भएको कम्पनीले जनाएको छ।

यसैबिच पोखरामा अन्तराष्ट्रिय विमानस्थल निर्माण भएसंगै उक्त पुल जतिसक्दो छिटो निर्माण गर्न पोखरा महानगरले आवश्यक समन्वय गर्न तयार रहेको महानगरका मेयर धनराज आचार्यले बताउदै आउनु भएको छ।

## गण्डकी प्रदेशको संक्रमक तथा सरुवा रोग अस्पतालमा सर्पदंशको उपचार हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २१ भदौं

गण्डकी प्रदेशको संक्रमक तथा सरुवा रोग अस्पताल पोखरामा सर्पदंश (सर्पको टोकाई) को उपचार हुने भएको छ।

अस्पतालले माग गरे अनुसार नै सर्पदंशको उपचारका लागि संघीय सरकारबाट अनुमती प्राप्त भएसंगै अब संक्रामक अस्पतालबाट सर्पले टोकेको बिरामीहरुको उपचार हुने भएको अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट डा.विकास गौचनले बताउनु भयो। स्वास्थ्य मन्त्रालय अन्तरगतको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले उक्त अनुमति दिएको डा.गौचनले बताउनु भयो । महाशाखाको गएको साउन २९ गतेको निर्णयानुसार सर्पदंश उपचार केन्द्र संचालनका लागि अनुमती प्रदान गरेको हो । अस्पतालका सुपरिटेण्डेण्ट डा.गौचनले केही समय अघि देखि समान्य रुपमा सर्पदंशको उपचार गर्दै आए पनि हाल अनुमती पाएकोले दक्ष जनशक्ति सहित उक्त उपचार गर्न अस्पताल तयारी अबस्थामा रहेको दाबी गर्नु भयो। बिषेश गरी वर्षायाममा सर्पको टोकाइबाट समयमै उपचार हुन नपाउदा केहीको ज्यान जाने गरेको छ । पोखरा क्षेत्रमा बिषेश गरी गोमन, करेन्ट जस्ता बिषालु शर्प रहेको बताउदै उहाँले यदि सर्पले टोकेमा जति सक्दो छिटो अस्पतालमा ल्याउन आग्रह गर्नु भएको छ । अस्पतालबाट धेरै टाडा भएको अबस्थामा सर्पले टोकेको घाँउलाई पानीले सफा गरी पट्टी बाधेर नजिकको स्वास्थ्यचौकीमा लैजाने त्यस पछि चिकित्सकको सल्लाह अनुसार उपचार गर्नुपर्ने सुपरिटेण्डेण्ट डा.गौचनले सुझाव दिनुभयो।

अन्य उपचार भन्दा छिटो र केही खर्चिलो भएकोले गण्डकी प्रदेशको राजधानि पोखरामै उक्त उपचार सेवा आवश्यक भएर सेवा संचालन गरिएको उहाँले जनाउनु भयो । त्यसै गरी शर्पदंशको उपचार गण्डकी प्रदेशको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान( पश्चिमाञ्चल क्षेत्रिय अस्पताल पोखरा, मध्य विन्दु अस्पताल नवलपुर, प्राथमीक स्वास्थ्य केन्द्र त्रिवेणीको नवलपुरमा उपचार हुदै आएको छ।

## कोशीमा ४८ घण्टाभित्र मन्त्रिपरिषद् गठन गर्न परमादेश

**पोखरापत्र संवाददाता**
पोखरा, २१ भदौं

सर्वोच्च अदालतले कोशी प्रदेशका मुख्यमन्त्री उद्धव थापाले लिएको विश्वासको मत असंवैधानिक रहेको ठहर गर्दै ४८ घण्टाभित्र मन्त्रिपरिषद् गठन गर्न परमादेश जारी गरेको छ।

न्यायाधीशहरू सपना प्रधान मल्ल, डा कुमार चुँडाल र नहकुल सुवेदीको पूर्ण इजलासले बिहीबार संविधानको धारा १६८ को उपधारा ३ बमोजिमको प्रक्रियाबाट मन्त्रिपरिषद्को गठन गर्नुभनी कोशी प्रदेशका प्रमुखका नाममा परमादेश जारी गरेको हो।

"संविधानले निर्देश गरेका स्वाभाविक विकल्पहरूको तदनुरूप नै प्रयोग गरिनुपर्दछ", आदेशमा भनिएको छ, "यस स्थितिमा संवैधानिक व्यवस्था तथा यस अदालतबाट भएको पूर्वआदेश बमोजिम उपधारा (३) बमोजिम प्रदेशसभामा सबैभन्दा बढी सदस्यहरू भएको संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्नुपर्ने देखिन आयो ।" संविधानले नै मार्ग निर्देश गरेको अवस्थामा एउटै विकल्पमा पटक पटक नगई संविधानबमोजिमको विकल्पमा प्रवेश गर्नु नै स्वस्थ संवैधानिक अभ्यासको विकासका दृष्टिले उचित हुने देखिएको र प्रदेशसभाबाट विश्वासको मत प्राप्त गर्न नसकेमा विश्वासको मत प्राप्त गर्न सक्ने कुनै सदस्यलाई मुख्यमन्त्री नियुक्त गर्न सकिने संवैधानिक व्यवस्था रहेको आदेशमा उल्लेख छ। आदेशमा सरकार गठन भनी मन्त्रिपरिषद् गठनको संवैधानिक व्यवस्था स्मरण गराएको एवं सो आदेशअनुसार गठित मन्त्रिपरिषद्ले प्रदेशसभाबाट विश्वासको मत प्राप्त गर्न नसकेको स्थितिमा पुनः सोही उपधाराबमोजिम विश्वासको मत प्राप्त गर्ने प्रक्रिया पुनरावृत्ति गर्नु संविधानसम्मत हुने नदेखिएको उल्लेख छ । आदेशमा भनिएको छ, "नेपालको संविधानको धारा १६८ ले प्रदेश मन्त्रिपरिषद गठनका सम्बन्धमा विभिन्न विकल्पहरू


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## ऐतिहासीक स्थल कास्कीकोटमा दही जात्रा

**पोखरापत्र संवाददाता**
पोखरा, २१ भदौं

बिहीवार दिउसो पोखरा २४ कास्कीकोटको भाद्रारी चोतारीमा विस्तारै मानीसहरु जम्मा हुन थाले । घर घर वाट दहि ल्याएर भाडामा राख्दै भजन कृतन गर्न थाले। कोही श्रीकृष्ण भएका थिए। कोही राधा कोही कंश भएका थिए। कोही दहि एक आपसमा छेपा छेप गर्दै थिए कोही दहि खादै थिए । कोही भजन गाउदै थिए।

यो दृश्य देख्दा सत्य युगको झल्को होकी जस्तो लाग्थ्यो ।



ऐतिहासीक स्थल कास्कीकोटमा श्रीकृष्ण जन्माष्ठमीको अवसरमा दहीको होली खेलिएको हो ।


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## एसिया कप क्रिकेटमा छक्का प्रहार गर्ने खेलाडीलाई पुरस्कार

**रासस**
काठमाडौं, २१ भदौं

इन्स्पायर नोबल फाउन्डेसनले एसिया कप क्रिकेट प्रतियोगिताअन्तर्गत भारतविरुद्धको खेलमा छक्का प्रहार गरेका दुई नेपाली खेलाडीलाई बिहीबार रू दुई लाख प्रदान गरेको छ।

एसिया कप-२०२३ अन्तर्गत भारतविरुद्धको खेलअघि फाउन्डेसनले छक्का प्रहार गर्ने प्रति खेलाडीलाई रू एक लाख प्रदान गर्ने घोषणा गरेको थियो । जसअनुसार खेलकुद पत्रकार मञ्चको रोहबरमा आज यहाँ आयोजित कार्यक्रममा भारतविरुद्ध छक्का प्रहार गरेका नेपालका कुशल भुर्तेल र सोमपाल कामीलाई जनही रू एक लाख प्रदान गरिएको हो । भारतविरुद्धको खेलमा कुशल र सोमपालले समान दुई छक्का प्रहार गरेका थिए। कुशल र सोमपाललाई फाउन्डेसनको तर्फबाट सुशील रेग्मीले चेक हस्तान्तरण गर्नुभयो । फाउन्डेसनले भारतविरुद्ध छक्का प्रहार गर्ने तथा विकेट लिने प्रत्येक खेलाडीलाई नगदबाट पुरस्कृत गर्ने घोषणा गरेको थियो । इन्स्पायर नोबेल फाउन्डेसन अमेरिकामा रहेका गैरआवासीय नेपालीले खोलेको संस्था हो। पुरस्कृत भएपछि दुवै खेलाडीले यसबाट आफूलाई थप हौसला मिलेको बताउँदै फाउन्डेसनलाई धन्यवाद दिनुभएको थियो।




# एघारौं लिटिल स्टेपमा हेण्डबल सुरु

पोखरापत्र संवाददाता
पोखरा, २१ भदौं

पोखरा-८ सिमलचौर स्थित लिटिल स्टेप माध्यमिक विद्यालयद्वारा आयोजित एघारौं हेण्डबल प्रतियोगिताको बुधबार एक भब्य समारोहका बीच समुद्घाटन सम्पन्न भयो । संस्थाका संस्थापक अध्यक्ष श्री शेरबहादुर गुरुङको अध्यक्षतामा सम्पन्न उक्त उद्घाटन समारोहमा गण्डकी प्रदेशका सामाजिक विकाश तथा स्वास्थ्य मन्त्री प्रमुख अतिथिको रुपमा हुनुहुन्थ्यो ।



उद्घाटन कार्यक्रममा मन्तव्य राख्दै मन्त्री सुशिला सिंखडाले नीजि क्षेत्रवाट लोकप्रिय खेलको आयोजना गर्नु सह्रानीय रहेको बताउनु भयो । १२ वर्ष मुनिका बाल-बालिकालाई अवसर प्रदान गर्नुले साना बाल-बालिकालाई, खेलप्रति हौसला जाग्ने भन्दै यस्ता कार्यक्रमलाई प्रदेश सरकारले सहयोग गर्ने बताउनु भयो । कार्यक्रममा मन्तव्य राख्दै संस्थापक अध्यक्ष शेरवहादुर गुरुङले आफुले हेण्डबल प्रतियोगिता प्रारम्भ गरेको क्षण स्मरण गर्दै यस प्रतियोगितालाई ११औं श्रृंखलासम्म ल्याई पुऱ्याउन सहयोग गर्ने सहभागी विद्यालय, खेलाडी विद्यार्थी, अफिसियल, प्रायोजक तथा विद्यालय परिवारका सबैलाई धन्यवाद समेत दिनुभयो । पानसमा दीप प्रज्ज्वलन तथा सरस्वतीको माताको तस्विरमा माल्यार्पण तथा खेलाडी परिचय एवं खेलाडीलाई बल हस्तातरण गरी कार्यक्रमको उद्घाटन भएको थियो । उद्घाटन कार्यक्रममा संस्थापक प्राचार्य पम्फा गुरुङ्ले स्वागत मन्तव्य राख्नुभएको थियो भने कार्यक्रम संयोजक विनोद गिरीले कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभएको थियो । कार्यक्रममा विशेष अतिथि नेपाल ह्याण्डवल संघका केन्द्रीय अध्यक्ष तेजबहादर गुरुङले खेल आयोजनालाई निरन्तरता समेत प्रदान गरेकोमा विद्यालयलाई धन्यवाद दिनुभयो । साथै वहाँले ' जित र हार' को विषयलाई लिएर खेलाडी विद्यार्थीलाई उत्तेजित नहुन वा हतोत्साहित नबनाउन सम्बद्ध विद्यालयमा खेल प्रशिक्षकलाई अनुरोध गर्नभयो । कार्यक्रममा विभिन्न सांस्कृतिक प्रस्तुतिहरू समेत प्रस्तुत गरिएको थियो । उद्घाटन कार्यक्रममा खेलाडीहरूको तर्फबाट आयोजित विद्यालय लिटिल स्टेपकी कक्षा ५ की छात्रा एलिना गुरुङले सपथ लिएकी थिइन् भने अफिसियलको तर्फबाट रेफ्री पदम नेपालीले शपथ लिनुभएको थियो । कार्यक्रमको संचालक विद्यालयका शिक्षक द्वय तारा प्रसाद सुवेदी, चित्र बहादुर अधिकारी तथा छात्र सिर्जना क्षेत्रीले गर्नुभएको थियो ।

स्मरणीय छ, लिटिल स्टेपले बिगत २०६७ सालदेखि नियमित रुपमा एकल टुर्नामेण्ट आयोजना गर्दै आएको छ । कोभिड-१९ का कारण २ खेल हुन नसके तापनि हाल यो खेलको ११ औ श्रृंखलामा प्रवेश गरेको छ । आगामी वर्षमा समेत यस कार्यक्रमलाई निरन्तरता दिने कुरा विद्यालयले बताएको छ । पोखरा क्षेत्रभरिका विद्यालयलाई समेट्ने प्रयास भएको यस टुर्नामेण्टमा छात्र तर्फ १६ र छात्रा तर्फ १३ टिमहरूले प्रतिस्पर्धा गर्दै छन् । उद्घाटन कार्यक्रमको पहिलो खेलमा छात्रातर्फ लिटिल स्टेप र पोखरा एकेडेमी बीचमा सम्पन्न भयो । छात्रतर्फ माउण्ट अन्नपूर्ण र नेशनल इन्भेन्टिभ बीच सम्पन्न भयो । आज क्वाटर फाइनलसम्मका सम्पूर्ण खेलहरु सम्पन्न हुने छन् । नकआउटको आधारमा खेलाइने यस खेलको समापन को २२ गते शुक्रवार विद्यालय प्राङ्गणमा हुँदै छ ।

# ऐतिहासिक वाटुलेचौर तीज मेलाको निरन्तरता, तयारी सुरु

पोखरापत्र संवाददाता
पोखरा, २१ भदौं

परापुर्वकालदेखि नै पोखराको वाटुलेचौरमा संचालन हुदै आएको ऐतिहासिक तीज मेलाले यस वर्ष पनि निरन्तरता पाउने भएको छ ।

नेपाली महिलाको महान पर्व हरितालिका तीजको अवसरमा आगामी असोज १ गते स्थानिय हिमालय क्लवको आयोजनामा मेला हुन लागेको क्लवले जनाएको छ ।विगतका वर्षमा विभिन्न खेलकुद सहितका कार्यक्रम आयोजना गरेको क्लवले यस वर्ष विशुद्ध तीज गीत र नृत्यलाई प्राथामिकता दिई संस्कृति प्रधान कार्यक्रमलाई प्रोत्साहन सहित संस्कृतिको जर्गेना तथा मेलाको निरन्तरताको लागी गर्न लागिएको निवर्तमान अध्यक्ष मोहन थापाले वताउँनुभयो ।

मेलालाई विशिष्ट वनाउन क्लवका अध्यक्ष सुशील वस्नेतको अध्यक्षतामा निवर्तमान अध्यक्ष मोहन थापा, दुर्गालाल श्रेष्ठ, लक्ष्मी देवकोटा र लक्ष्मी पौडेल सदस्य रहेको सचिवालय समिति तथा आमन्त्रीत समुहगत तीज गीत तथा नृत्य प्रस्तुतीका लागी तारा प्रसाद तिमिल्सीनाको संयोजकत्वमा क्लवका कोषाध्यक्ष पुष्पराज अधिकारी र सहसचिव तुल व. वस्नेत सदस्य रहेको समिति गठन गरिएको छ । आमन्त्रीत टोलीले परम्परागत रुपमा आ आफ्नो समुहमा वसेर गीत तथा नृत्य प्रस्तुत गर्ने वताईएको छ ।

मेलाको तयारी शुरु गरिएको अध्यक्ष वस्नेतले जानकारी दिनुभयो । पोखराका विभिन्न संघ संस्थासँग समन्वय गरिएको र आर्थिक संकलन कार्यलाई तिव्र पारिएको उहाँले वताउनुभयो । १ दिन मात्र संचालन हुने मेलामा करिव ५ लाख खर्च लाग्ने क्लवले जनाएको छ । मेलामा तीजको परम्परागत भाका हम्काईलोको समेत प्रस्तुती रहने छ ।

## ऐतिहासीक ...

भगवान श्रीकृष्णको जन्म भएको भोलीपल्ट परापूर्व कालदेखि नै कास्कीकोटमा दही जात्रा हुँदै आएको गुप्तकाली काश्यप धार्मिक क्षेत्रविकास समितिका सचिव ठाकुर प्रसाद त्रिपाठीले बताए । दहि जात्रामा विभिन्न सांस्कृतिक झाँकी वाजागाजा भजन कृतज समेत निकालिएको समितिका सचिव त्रिपाठीले बताए । कास्कीकोटको भाद्रारी चौतारामा परापुर्व कालदेखि दहिको जात्रा गर्ने गरीएको त्रिपाठीले बताए । दहि छेपा छेप गर्नु अगाडी भाद्रारी चौतारकोमा रहेको चापको रुखलाई श्रीकृष्ण मानेर अन्य देवि देवताहरुको पुजा गर्ने प्रचलन रहेको छ । त्रिपाठी, रानामगर, दुवाडी र अधिकारीले दहिले विभीन्न क्षेत्रपाल, चण्डी, वराहा, वहासा, मनकान्छी लगाएत मन्दिरमा दहिले पुजा गर्दै हिड्ने प्रचलन रहेको त्रिपाठीले बताए ।

करिव २ किलोमीटरको यात्रामा जात्रा गरेर वास्पानी कालीका मन्दिरमा विधीवत रुपमा जात्रा समापन हुने वास्पानी कालिका मन्दिरमा पुजारी तथा जात्राका कर्ता टिका पुरीले बताए । दही जात्रा सम्पदा संरक्षण मञ्च कास्कीकोट र स्थानीयले सञ्चालन गर्दे आएका छन् ।हिन्दु धर्मालम्वीहरुले श्रीकृष्णको जन्म भए पछि दहि जात्रा गर्ने प्रचल रहेको छ । त्रिपाठीका अनुसार दहिको जात्रा नेपालका ३ स्थानमा मात्र हुने गरेको छ । विरगन्ज ,पाल्पा र कास्कीकोटमा मात्रै श्रीकृष्णको जन्म भए पछि दहिको जात्रा निकाल्ने गरीन्छ । जात्रा संरक्षण तथा प्रवर्द्धन गर्न पोखरा २४ वडा कार्यालयले सघाउने वडाध्यक्ष भरतबहादुर अधिकारीले प्रतिवद्धता जनाएका छन् ।

अधिकारीले विगत वर्षहरु भन्दा यस वर्ष जात्रा अझै व्यवस्थीत भएको बताए । ऐतिहासिक स्थल कास्कीस्कोट दरवार , कश्यप धाम र सरुन खेल लगाएत जात्रा तथा मेलाहरुमा क्षेत्रधार्मीक क्षेत्र विकास समिति र कास्कीकोट सम्पदा संरक्षण समितिको सक्रियतामा रहदै आएको छ ।

# शुक्ला साहित्य प्रतिष्ठानले गरेको कृष्ण भजनमा पाल्पा उत्कृष्ट

पोखरापत्र संवाददाता
पोखरा, २१ भदौं

पोखराको वाटुलेचौरमा आयोजना भएको खुल्ला कृष्ण भजन प्रतियोगितामा पाल्पाको धर्मोदय दशवतार वालन संस्कृत समुह उत्कृष्ट हुदै प्रथम भएको छ ।



श्री कृष्णजन्माष्टमीको अवसरमा शुक्ला साहित्य प्रतिष्ठान पोखराले आयोजना गरेको प्रतियोगितामा देवीस्थान भजन समुह हेम्जा उत्कृष्ट दोस्रो, ईशानेश्वर भजन समुह उत्कृष्ट तेस्रो र ओमकारेश्वर भजन समुह फुलवारीले सान्त्वना स्थान प्राप्त गरेका छन् । विगत २४ वर्षदेखि निरन्तर रुपमा गर्दै आएको प्रतियोगितामा उत्कृष्ट हुन सफल टोलीलाई नगद १ लाख, द्धितियलाई ७५ हजार, तृतियलाई ५० हजार, सान्त्वना टोलीलाई २५ हजार र सहभागी २४ टिमलाई प्रोत्साहन स्वरुप नगद ५ हजार सहित प्रमाणपत्र प्रदान गरिएको प्रतिष्ठानका सहसचिव एवं प्रचार प्रसार उपसमितिका संयोजक संजय थापाले जानकारी दिनुभयो । मध्यरातीसम्म चलेको प्रतियोगितामा सहभागी टिमले विभिन्न झाँकी र कृष्ण लिला समेत प्रस्तुत गरेका थिए ।

यस अघि कार्यक्रमको उद्घाटन गर्दै प्रतिनिधी सभा का सदस्य विद्या भट्टराईले कला संस्कृतिवाटै मानव सभ्यताको विकास भएको वताउँदै, यसको संरक्षण गर्न आवस्यक रहेको वताउनुभयो । उहाँले यस्ता कार्यक्रमले पोखराको धार्मिक पर्यटन विकासमा समेत टेवा पुर्याउने स्पष्ट पार्नुभयो । प्रतिष्ठानका अध्यक्ष हरि वरुवालको अध्यक्षतामा भएको कार्यक्रममा संयोजक दुर्गादेवी वस्नेतले कला, संस्कृति तथा साहित्य उत्थानमा प्रतिष्ठान सदैव अग्रसर हुने वताउनुभयो । प्रतियोगितामा सहभागी टोलीको मुल्यांकन संयोजक सिर्जना थापा, संस्कृतिविद् डा. कुशुमाकर न्यौपाने र सह प्राध्यापक अम्विका प्र. भट्टराईले गनुभएको थियो ।कार्यक्रमको संचालन अग्रज दोहरी गायक प्रजापति पराजुलीले गर्नुभएको थियो । कार्यक्रममा डा.ई महेन्द्र वानियाँ सहित विभिन्न सहयोगदातालाई सम्मान गरिएको छ । गत ३ वर्ष कोभिड महामारीका कारण रोकिएकोमा यस वर्षदेखि पुन संचालन गरिएको प्रतिष्ठानका अध्यक्ष वरुवालले जानकारी दिनुभयो । प्रतियोगितामा कास्की, स्याङ्जा, वाग्लुङ, पाल्पा लगायतका जिल्लावाट पनि भजन टोली सहभागी भएका थिए । कार्यक्रम हेर्न महेन्द्र गुफा तथा चमेरे गुफा हेर्न पुगेका विदेशी पर्यटक समेत पुगेका थिए । वि.सं २०४५ सालमा जनकवि केशरी धर्मराज थापाको नेतृत्वमा स्थापना भएको प्रतिष्ठानले पोखरामा साहित्य, कला र संस्कृतिका क्षेत्रमा काम गर्दै आईरहेको छ ।


## कोशीमा ...

प्रस्तुत गरेको सन्दर्भमा उपधारा (२) बमोजिम गठित मन्त्रिपरिषद्ले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेको अवस्थामा उपधारा (३) बमोजिमको मन्त्रिपरिषद्को गठन नै स्वाभाविक देखिन आउँछ ।" आदेशमा थापाले नेपालको संविधानको धारा १६८ को उपधारा (४) बमोजिम प्रदेशसभाबाट विश्वासको मत प्राप्त गर्न सकेको नदेखिँदा निज स्वतः मुख्यमन्त्री पदबाट पदमुक्त हुने भएकाले सो सम्बन्धमा थप बोलिरहन नपर्ने आदेशमा उल्लेख छ । निवेदकले प्रदेशसभामा सबैभन्दा बढी सदस्य सङ्ख्या भएको दलको नेताको हैसियतले संविधानको धारा १६८ को उपधारा (३) बमोजिम आफूलाई मुख्यमन्त्री पदमा नियुक्ति गर्नु भनी परमादेशसमेत जारी गरी पाउँ भनी गरेको माग थियो । अदालतले नेपालको संविधानअनुसार मागअनुसार आदेश गरेको छ ।

डेंगीबाट बच्ने उपायहरुः

◆ बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ ।
◆ लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं ।
◆ घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं । राखेको भाँडालाई छोपेर राखौं ।
◆ दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
◆ घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
◆ अध्याँरा कुना-काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
◆ कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने :
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने :
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# कोसीमा संविधान मिचेको पुष्टी

सर्वोच्च अदालतको पूर्णइजलासले कोसी प्रदेशका मुख्यमन्त्री उद्धव थापाले लिएको विश्वासको मत असंवैधानिक भएको ठहर गरेपछि उनी पदमुक्त भएका छन । न्यायाधीशहरू सपना मल्ल प्रधान, कुमार चुडाल र नहकुल सुवेदी सम्मिलित पूर्णइजलासले संविधानको धारा १६८ को उपाधारा ३ बमोजिम ठूलो पार्टीको नेतृत्वमा नयाँ सरकार बनाउन आदेशसमेत दिएको छ । सर्वोच्च अदालतले ४८ घण्टाभित्र एमाले संसदीय दलका नेता हिक्म नयाँ सरकार बनाउन प्रदेश प्रमुख पर्शुराम खापुङको नाममा परमादेश जारी गरेको छ ।

कोसीमा मुख्यमन्त्री उद्धव थापाले पाएको विश्वासको मत असंवैधानिक भएको दाबी गर्दै एमाले कोसी प्रदेश संसदीय दलका नेता एवं पूर्वमुख्यन्त्री हिक्मतकुमार कार्कीले रिट दायर गरेका थिए । यस अगाडि पनि सर्वोच्चले कोशी सरकारको मुख्यमन्त्रीमा थापाको नियुक्ति बदर गरिदिएको थियो । २१ असारमा कांग्रेस संसदीय दलका नेता थापाले मुख्यमन्त्री पदमा दावी गर्दा सभामुख बाबुराम गौतमको समेत समर्थन पेश गरेका थिए । तटस्थ भूमिकामा रहेका सभामुखको समर्थनबाट सरकार बन्नु गैरकानुनी भन्दै नेकपा एमाले संसदीय दलका नेता हिक्मतकुमार कार्कीले सर्वोच्चमा रिट दिएका थिए ।

त्यतिबेला न्यायाधीश ईश्वरप्रसाद खतिवडासहित न्यायाधीशहरू डा.आनन्दमोहन भट्टराई र तिलप्रसाद श्रेष्ठको पूर्ण इजलासले मुख्यमन्त्री थापाको नियुक्ति बदर गरिदिएको थियो । साथै ७ दिनको समय दिएर संविधानको धारा १६८ (२) अनुसार नयाँ सरकार गठनको प्रक्रिया अगाडि बढाउन प्रदेश प्रमुखको नाममा परमादेश दिएको थियो । सर्वोच्चको सोही आदेशबमोजिम प्रदेश प्रमुख पर्शुराम खापुङले सरकार गठनको आह्वान गरेका थिए । सभामुख बाबुराम गौतम पदबाट राजीनामा दिएर थापाको नेतृत्वमा सरकार गठन प्रक्रियामा सहभागी भएका थिए। गौतम सरकारका आर्थिक मामिला तथा योजना मन्त्री छन् । अहिले कोसीमा सभामुख खाली छ। सभामुख कुनै पनि दलले लिन मानिरहेका छैनन् ।

थापा साउन १६ गते पुनःमुख्यमन्त्री बने । मुख्यमन्त्री बनेको एक महिनाभित्र विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्थाअनुसार थापाले भदौ ४ गते विश्वासको मत लिएका थिए । थापाले प्रदेशसभाबाट विश्वासको मत लिने क्रममा सभामुख इस्राइल मन्सुरीले समेत मत दिएका थिए । थापाले पाएको विश्वासको मत असंवैधानिक भएको दावी गर्दै एमालेकाणढ नेता कार्की रिट लिएर सर्वोच्च पुगेका थिए। रिटमा प्रदेश प्रमुख पर्शुराम खापुङ, मुख्यमन्त्री थापा, सभाध्यक्ष भएर सभामुखको भूमिका निर्वाह गरेका अध्यक्ष मण्डलका सदस्य इस्राइल मन्सुरी,अध्यक्ष मण्डलकी सदस्य एवं प्रदेशसभा सदस्य गीता तिमल्सिना र कोसी प्रदेशसभा सचिवालयलाई विपक्षी बनाइएको छ ।

प्रदेशसभा बैठक आह्वान गरेर बिरामी परेको भन्दै उपसभामुख सिर्जना दनुवार काठमाडौं लागेपछि मन्सुरीले सभाको अध्यक्षता गरेका थिए । मुख्यमन्त्रीको विश्वासको मतसम्बन्धी प्रस्तावमा मत विभाजनपछि दिएको मत सच्याउने समयमा सभाध्यक्षको आसनमा नेकपा (माओवादी केन्द्र)की प्रदेशसभा सदस्य गीता तिम्सिनालाई बोलाउँदै मन्सुरी मतदान प्रक्रियामा सहभागी भएका हुन् । उनकै मतका आधारमा मुख्यमन्त्री थापाले ४७ मत पाए । विपक्षमा ३० मत परेको थियो ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : झमेला बड्ने |
| वृष | : मानसिक तनाब | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : शारीरिक झमेला | धनु | : मन चञ्चल |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# कृषिगणनाको नतिजा सार्वजनिक, कृषिकार्य गर्ने जग्गामा कमी

रासस
काठमाडौं, २१ भदौं

राष्ट्रिय तथ्याङ्क कार्यालय (साविकको केन्द्रीय तथ्याङ्क विभाग)ले राष्ट्रिय कृषिगणना, २०७८ को नतिजा आज सार्वजनिक गरेको छ ।

कृषिगणना, २०७८ अनुसार नेपालमा जम्मा ४१ लाख ३० हजार सात सय ८९ कृषक परिवारले २२ लाख १८ हजार चार सय १० हेक्टर जग्गामा कृषिकार्य गरेको देखिएको छ। अघिल्लो कृषिगणना, २०६८ अनुसार ३८ लाख ३१ हजार ९३ कृषक परिवारले २५ लाख २५ हजार छ सय ३९ हेक्टर जग्गामा कृषिकार्य गरेको देखिएको थियो ।

यसैगरी यस कृषिगणनाअनुसार नेपालमा जम्मा घरपरिवारमध्ये ६२ प्रतिशत कृषक परिवार रहेको पाइएको छ भने अघिल्लो कृषिगणनाले यस्ता कृषक परिवारको प्रतिशत ७१ देखाएको थियो । पछिल्लो जनगणनाअनुसार मुलुकमा जम्मा घरपरिवारको सङ्ख्या ६६ लाख ६६ हजार रहेको छ ।

कार्यालयले विसं २०१८ देखि हरेक १०-१० वर्षमा कृषिगणना गर्दै आएको छ । कार्यालयले २०७८ साल चैत १ गतेदेखि ७७ वटै जिल्लामा कृषिगणना कार्यालय स्थापना गरी २०७९ वैशाख ६ देखि जेठ १९ गतेसम्म सातौँ राष्ट्रिय कृषिगणनाको स्थलगत तथ्याङ्क सङ्कलनकार्य सम्पन्न गरेको थियो । तीनै तहका सरकारलाई चाहिने कृषिसम्बन्धी तथ्याङ्क उपलब्ध गराउने उद्देश्यसहित ‘कृषिगणनाको सार, कृषि योजनाको पूर्वाधार’ मूल नाराका साथ सञ्चालित यो राष्ट्रिय कृषिगणना, २०७८ सङ्घीयतापछिको पहिलो कृषिगणना हो । कृषिगणना, २०७८ अनुसार कृषक परिवारले १२ लाख नौ हजार दुई सय ६५ हेक्टर जग्गामा सिँचाइ सुविधा लिएको देखिएको छ । यी कृषक परिवारअन्तर्गतको जम्मा जग्गामध्ये ५४ दशमलव पाँच प्रतिशत जग्गामा सिँचाइ सुविधा उपयोग भएको देखिन्छ । तर अघिल्लो कृषिगणनामा सिँचाइ सुविधा उपयोग भएको जग्गाको क्षेत्रफल ५२ प्रतिशतमात्र थियो ।

विगतका गणनामा जस्तै यस गणनामा पनि सबैभन्दा बढी क्षेत्रफलमा खाद्यान्न बाली २५ लाख ८६ हजार एक सय ८३ हेक्टरमा लगाएको पाइएको छ भने अन्य बालीहरूमा क्रमशः कोसे/दाल बाली एक लाख ९९ हजार आठ सय ४४ हेक्टर, तेल बाली एक लाख ८० हजार एक सय ४१ हेक्टर, तरकारी बाली एक लाख सात हजार सात सय ३३ हेक्टर, कन्दमुल बाली एक लाख चार हजार सात सय ३७ हेक्टर, मसला बाली ५६ हजार आठ सय ९३ हेक्टर र नगदे बाली ४४ हजार छ सय नौ हेक्टरमा रहेको पाइएको छ ।

नेपालमा गत १० वर्षको अन्तरालमा पशुपालन गर्ने कृषक परिवार ३३ लाख ५३ हजार आठ सय ५७ बाट बढेर ३४ लाख पाँच हजार १४ हुन पुगेका छन् । यस गणनामा गाईगोरुको सङ्ख्या करिब ४६ लाख, रागाभैँसीको सङ्ख्या करिब २९ लाख, बाखा/खसी/बोका/च्याङ्ग्राको सङ्ख्या करिब एक करोड ४२ लाख, सँगुर/बङ्गुर/बँदेलको सङ्ख्या करिब १४ लाख, कुखुराको सङ्ख्या करिब चार करोड ५१ लाख हुन आएको देखिन्छ । यो गणनाले उन्नत गाई र भैंसीको सङ्ख्यामा उल्लेखनीय वृद्धि भएको देखाएको छ ।

# पुस्तान्तरण गर्न किशोर किशोरीलाई वर्षेनाच तालिम

रासस
बेनी, २१ भदौं

बेनीको मौलिक बर्षेनाचको पुस्तान्तरण गर्ने किशोर किशोरीलाई तालिम दिइएको छ । नेपाल भाषा मंका खःल म्याग्दीले बेनीका किशोर किशोरीका लागि बर्षेनाच अन्तरगतको रोपाइँ र जोगी नाचसम्बन्धी तालिम सञ्चालन गरेको हो । यही भदौ १८ गते सुरु भएको तालिम असोज १ गतेसम्म सञ्चालन हुने नेपाल भाषा मंका खःल म्याग्दीका उपाध्यक्ष कुविर श्रेष्ठले जानकारी दिनुभयो । “बेनीको मौलिक बर्षेनाच नाच्ने कलाकारको अभाव भएपछि विद्यालयमा पढ्ने किशोर किशोरीलाई तालिम हौं,” उहाँले भन्नुभयो “बर्षे नाचको सीप र कला पुस्तान्तरण गर्ने तालिमको उद्देश्य हो ।” बेनी नगरपालिकाको ७ र ८ नम्बर वडाको सहयोगमा सञ्चालन भएको तालिममा ५० जना किशोरकिशोरी सहभागी भएका छन् । बेनी सामुदायिक, प्रकाश मावि र बेनीका निजी विद्यालयका इच्छुक विद्यार्थीलाई तालिममा सहभागी बनाइएको छ । रोपाइँ नाचमा ३० र जोगी नाचमा १० कलाकार आवश्यक पर्छ । पुराना कलाकार वृद्ध भएका, कतिपयको निधन भएको, युवा विदेशिने र नयाँ कलाकारमा सीप हस्तान्तरण नहुँदा वर्षेनाच सञ्चालन गर्न कलाकार अभाव हुन थालेको छ । दुई सय वर्षदेखि हरेक बर्ष बेनी बजारमा एक महिनासम्म देखाइने बर्षेनाच नाच्ने कलाकार अभाव हुन थालेपछि नयाँ पुस्तालाई सिप हस्तान्तरण गर्ने प्रयास गरिएको नेपाल भाषा मंका खःल म्याग्दीका पूर्व अध्यक्ष राजेन्द्र कुमार श्रेष्ठले बताउनुभयो । “धान रोपाई सकेपछि मनोरञ्जनका लागि नेवार बाहूल्य बस्ती बेनी बजारमा घण्टाकर्ण चतुर्थी देखि हरितालिका तिजसम्म बर्षेनाच प्रर्दशन गर्ने चलन छ,” उहाँले भन्नुभयो “बर्षेनाच अन्तरगत देखाइने विभिन्न नाचहरु बेनीको मौलिक पहिचान हो । यसको संरक्षण गर्न पुस्तान्तरणको आवश्यकता महशुस गरिएको हो ।” यसअघि नेवार समुदायका पुरुष कलाकारहरुले मात्र नाच्ने बर्षेनाचमा पछिल्लो समय अन्य समुदाय र महिला कलाकारलाई पनि सहभागि गराउन थालिएको श्रेष्ठले बताउनुभयो । यो वर्ष बेनी बजारमा लाखे नाच, घोडा नाच, गाईजात्रा सपारु, नागानागिनी, श्रीकृष्ण रथयात्रा, गोरु नाच, रोपाई नाच, धानको बाला नाच देखाउने खःलले जनाएको छ ।

वर्षे नाचमा परापूर्वकालमा समाजमा दुःख दिएको र विकृति फैलाएको घण्टाकर्ण नामको राक्षसको हत्यापछि राक्षसकी श्रीमतीले पति वियोगमा गरेको चरित्र प्रदर्शनलाई बर्खे नाचमा देखाउने गरिन्छ ।

वर्षेनाचअन्तर्गत तीजको दिनमा दानवीय स्वरूपको लाखेलाई भगवान् श्रीकृष्णले वध गरेपछि असत्यमाथि सत्यको विजयी हुने सन्देशसहित यो नाच सकिन्छ । बेनी बजारमा बस्ती बसेदेखि नै बर्खेनाच सुरुआत भएको जनाइएको छ ।

# आन्तरिक पर्यटनको गन्तव्यस्थल ‘ऐनापहरा’

पोखरापत्र संवाददाता
दमौली, २१ भदौं

हरियाली जङ्गल, कलकल बगेको पानी । ठूलो खौँचबाट झरेको पानी । तनहुँको आँबुखैरेनी गाउँपालिका-२ स्थित ऐनापहरा केही समय अगाडिसम्म व्यवस्थित थिएन । तर अहिले उक्त ठाउँको रुप फेरिँदैछ ।

स्थानीय तहको दोस्रो निर्वाचनपछि निर्वाचित जनप्रतिनिधिले यस ठाउँलाई पर्यटकीय गन्तव्यस्थलको रुपमा विकास गर्ने प्रयास गरेका छन् । गण्डकी प्रदेशको प्रवेशद्वारमा रहेको मनमोहक ऐनापहरा झरनालाई पर्यटकको विश्रामस्थल बनाउने उद्देश्य राखिएको छ । गाउँपालिकाको लगानीमा ऐनापहराका ढुङ्गामा गणेश, आमा र बच्चाको आकृति खोप्ने काम गरिएको छ । ढुङ्गामा आकृति देखिन थालेपछि यस ठाउँमा सबैको ध्यान खिचेको छ । ऐनापहरालाई पर्यटकीय गन्तव्यस्थलको रुपमा विकास गर्न गाउँपालिकाले यहाँका ढुङ्गामा गणेश, आमा र बच्चाको आकृति खोप्ने काम सुरु गरेको थियो ।

ढुङ्गामा आकृति देखिन थालेपछि अहिले यस ठाउँमा आन्तरिक पर्यटकको चहलपहल बढेको छ । पृथ्वी राजमार्गबाट नजिकै रहेको यहाँ मुग्लिनतर्फबाट पोखरा आउने पर्यटक सवारी साधन रोकेर पुग्ने गरेका छन् । गाउँपालिकाले ढुङ्गामा खोपेको आकृतिले धेरैको ध्यान खिचेको स्थानीय मनोजकुमार श्रेष्ठले बताउनुभयो। स्थानीय विजय गुरुङले राजमार्ग नजिकै भएकाले यस ठाउँ पर्यटकीय गन्तव्यको रुपमा विकास हुने बताउनुभयो । सामाजिक सञ्जालबाट पनि यस ठाउँको प्रचारप्रसार हुन थालेपछि ऐनापहरा पर्यटकीय गन्तव्यस्थलको रुपमा विकास हुन थालेको गाउँपालिकाका अध्यक्ष शुक्र चुमान बताउनुहुन्छ । उहाँले भन्नुभयो, “गत माघदेखि यहाँका ढुङ्गामा आकृति बनाउने काम भइरहेको छ। आकृति लगभग अन्तिम चरणमा पुगेको छ। यसले आकर्षक देखिन थालेपछि आन्तरिक पर्यटकको चहलपहल बढ्यो ।” ऐनापहरालाई पर्यटकीय गन्तव्यस्थल बनाउने उद्देश्यसहित गाउँपालिकाले यहाँ रहेका ढुङ्गामा आकृतिक खोप्ने कामलाई अगाडि बढाइएको हो । पृथ्वी राजमार्ग नजिकै रहेको ऐनापहरामा रहेको झरनामा घुम्न आउने पर्यटक बढेसँगै गाउँपालिका यसको प्रवर्द्धनमा जुटेको हो । यत्तिकै रहेका ढुङ्गालाई कलात्मक बनाएर पर्यटकलाई थप आकर्षित बनाउन यो कामलाई अगाडि बढाइएको अध्यक्ष चुमानको भनाइ छ । ऐनापहरामा पार्क निर्माणका लागि गत आर्थिक वर्षमा रु एक करोड ४० लाख बजेट विनियोजन गरिएको छ । “ऐनापहरालाई तनहुँको मात्र नभई गण्डकी प्रदेशकै उत्कृष्ट पर्यटकीय गन्तव्य बनाउने सोच राखेका छौँ”, चुमानले भन्नुभयो, “सोहीबमोजिम अहिले भइरहेको ठाउँलाई थप आकर्षण बनाउन काम सुरु भएको छ ।” पृथ्वी राजमार्गबाट एकछिनमै पुगिने ऐनापहरा झरना आकर्षक पर्यटकीयस्थलको रुपमा विकास हुँदै गएको छ । राजमार्ग भएर यात्रा गर्ने सर्वसाधारणको विश्रामस्थलको रुपमा पनि ऐनापहरा झरना विकास भइरहेको छ । काठमाडौँ, चितवनबाट पोखरातर्फ आउने र पोखरातर्फ यात्रा गर्ने सर्वसाधारण सवारी साधन रोकेरै ऐनापहरा झरनामा रमाउने गरेका छन् । गाउँपालिकाले यस ठाउँमा स्काइ साइक्लिकिङ र सिसाको पुल बनाउने योजना अगाडि सारेको छ । सर्वसाधारणको सुविधाका लागि शौचालय गत वर्ष नै निर्माण भइसकेको छ । गर्मी मौसमका बेला झरनामा नुहाउन, थकान मेटाउन, भिडिओ, टिकटक बनाउन सर्वसाधारणको भीड लाग्छ । तनहुँकै अग्लो महाभारत पर्वत शृङ्खला छिम्केश्वरीको फेदीमा अवस्थित सिउढी खोलाको पानी बगेर झरनामा मिसिएको छ। ऐनापहरा झरनालाई व्यवस्थित बनाउन गाउँपालिकाले विस्तृत गुरुयोजना प्रतिवेदन तयार गरेको छ । यस ठाउँलाई व्यवस्थित गर्न डिपिआरअनुसार रु दश करोड बजेट आवश्यक पर्छ । डिपिआरअनुसार यस ठाउँमा बुद्धको मूर्ति, रेलिङ, पार्किङलगायतका संरचना निर्माण गर्ने गुरुयोजनामा उल्लेख छ ।

# लम्पी स्किन रोगबाट देशभर ५२ हजारभन्दा बढी पशुको मृत्यु

रासस
काठमाडौं, २१ भदौं

कृषि तथा पशुपक्षीमन्त्री डा बेदुराम भुसालले लम्पी स्किन रोगको सङ्क्रमणबाट अहिलेसम्म १५ लाख १९ हजार सात सय ७९ पशु सङ्क्रमित भएको जानकारी दिनुभएको छ ।

प्रतिनिधिसभाको आजको बैठकमा सांसदहरुले सोधेको प्रश्नको जवाफ दिँदै मन्त्री भुसालले सरकारले उपचारमा सक्दो प्रयास गरिरहेकोसमेत दाबी गर्नुभयो । हालसम्म उपचारपश्चात् १३ लाख ८३ हजार पाँच सय ९५ पशु निको भएको र अहिले बिरामी अवस्थामा ७३ हजार ६ सय ३६ पशु रहेको मन्त्री भुसालले बताउनुभयो । रोगको सङ्क्रमणबाट हालसम्म ५२ हजार पाँच सय ४८ पशुको मृत्यु भएको मन्त्रालयले जनाएको छ । मन्त्री भुसालले कृषि क्षेत्रको विकासका लागि यानिन्त्रकिकरण गर्ने सरकारको नीति भएको बताउनुभएको छ । यो नीति प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत ७७ वटै जिल्लामा सञ्चालित भएको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, “माटो परीक्षण, रोग, कीरा परीक्षण, रोग निदानका साथै किसान, कृषि फार्म, कृषक समूह, सहकारीलाई प्राविधिक तालिम दिइएको छ।” सांसद दीलेन्द्रप्रसाद बडूले गरेको प्रश्नको जवाफ दिँदै उहाँले स्वदेशमै रासायनिक मल उत्पादन गर्ने सवालमा अध्ययन भइरहेको बताउनुभयो । सांसद प्रेम सुवालले नेपालमा कृषि यान्त्रिकीकरण किन हुनसकेको छैन भनी प्रश्न गर्नुभयो ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

